**नेपाल राष्ट्र बैंक**
**मुद्रा व्यवस्थापन विभागको**
**बोलकवोल प्रकृयाद्वारा सुन चाँदी बिक्री गर्ने बारेको**
**सूचना**

मिति २०६७।७।१६ गते मंगलवारका दिन यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटार परिसरमा बोलकबोल प्रकृयाद्वारा १७५ किलोग्राम ९९४.३ टचको सुन र २००० किलोग्राम ९९९.९ टचको चाँदी बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलकवोलको लागी ग्राह्य हुन प्रचलित कानून अनुसार सम्बन्धित संस्थामा दर्ता भएका सुन चाँदी व्यवसायी हुनु पर्नेछ ।

२. बोलकवोल दरखास्त फर्म यस बैंकद्वारा निर्धारित ढाँचामा पेश गर्नु पर्नेछ ।

३. यस बैंकले कायम गर्ने सुन चाँदीको मूल्य विहान ११:०० बजेसम्ममा बैंकको सूचना पाटीमा टाँस गर्नुका साथै बैंकको वेवसाइटमा समेत राखिनेछ ।

४. सुन चाँदी व्यवसायीहरूले आफूले खरिद गर्न चाहेको मूल्यको १० प्रतिशत वरावरको रकम नेपाल राष्ट्र बैंक, थापाथलीस्थित बैंकिंग कार्यालयमा रहेको नेपाल राष्ट्र बैंक सा.हि.नं.१० मा जम्मा गरेको भौचर वा माछापुच्छे बैंक, बालुवाटार, लाजिम्पाट, न्यूरोड र पुतलीसडक शाखामा रहेको नेपाल राष्ट्र बैंक सुन चाँदी खाता नं.२४०१५२४१८४३४२०१९ मा रकम जम्मा गरेको भौचर वा १ लाख रुपैयाँको बैंक ग्यारेण्टी बोलकवोल दरखास्त फर्म सहित अपरान्ह १२:०० बजेदेखि १:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा पेश गरी सक्नु पर्नेछ ।

५. वोलकवोल स्वीकृत भए, नभएको तथा उच्चतम कवोल मूल्यमा सुन चाँदी खरीद गर्न पाउने व्यवसायी वारेको जानकारी अपरान्ह २:३० बजेभित्र दिइनेछ ।

६. वोलकवोलपत्र सम्बन्धित व्यवसायी संघका उपस्थित एक-एक जना प्रतिनिधिको रोहवरमा खोलिनेछ । कुनै संघका प्रतिनिधि उपस्थित नभएमा पनि यथासमयमै वोलकवोलपत्र खोलिनेछ ।

७. बोलकवोल दाताले बोलकवोल दरखास्तसँग देहायका कागजातहरूको फोटोकपी पेश गर्नु पर्नेछ ।
   (क) फर्म/कम्पनी दर्ता प्रमाण-पत्र ।
   (ख) स्था.ले.नं. (प्यान नं.) दर्ता प्रमाण-पत्र ।
   (ग) आ.व. २०६६/०६७ को आयकर चुक्ता गरेको वा आय विवरण पेश गरेको निस्सा ।
   (घ) सुन चाँदी व्यवसायीको रूपमा काम गरिरहेको व्यहोरा सम्बन्धित सुन चाँदी व्यवसायी संघबाट प्रमाणित पत्र ।

८. उच्चतम बोलकवोल मूल्य पेश गरी वोलकवोल स्वीकृत भएका वोलकवोलदाताले आफूले खरीद गर्न चाहेको सुन चाँदीको परिमाण वोलकवोल स्वीकृत भएको २४ घण्टाभित्र यसै सूचनाको बुँदा नं ४ मा उल्लिखित बैंक खातामा रकम जम्मा गरी सुन चाँदी लैजानु पर्नेछ । उल्लिखित समय सीमाभित्र रकम जम्मा नगरी सुन चाँदी लिन नआएमा वोलकवोलदाताले पेश गरेको १० प्रतिशत धरौटी वा बैंक ग्यारेण्टी जफत हुनेछ ।

९. वोलकवोलका लागि छुट्याइएको सुन चाँदीको कोटाले खामेसम्म क्रमशः दोश्रो, तेश्रो, चौथो गरी अन्य वोलकवोलदाताले उच्चतम कवोल मूल्यमा सुन चाँदी खरीद गर्न चाहेमा २४ घण्टाभित्र आवश्यक रकम बैंक दाखिला गरेको भौचर पेश गरी सुन चाँदी लैजान पाउनेछन् । छुटयाइएको सुन चाँदीभन्दा बढीको माग हुने देखिएमा दोश्रो देखिका अन्य बोलकबोलदातालाई सुन चाँदीले पुगेसम्म १-१ ढिक्काको दरले बिक्री गरिनेछ ।

नोट : **१. मिति २०६७/७/२३ गते मंगलबारका दिन बोलकवोल प्रकृया संचालन नहुने व्यहोरा समेत सुचित गरिन्छ ।**
**२. बोलकवोल सम्बन्धी अन्तिम निर्णय नेपाल राष्ट्र बैंक, सुन चाँदी बोलकबोल समितिमा निहित रहनेछ ।**